नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

# प्रदेशहरुबाट संचालन गरिने सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि, २०७९

## विषय-सूचि

प्रदेश मन्त्रालय अन्तर्गत संचालन हुने शसर्त अनुदानका कार्यक्रमहरु (ब.उ.शी.नं. ७०१०००११ – ७, सबै प्रदेशको लागि)........3

१. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम........3

१.१ वन अतिक्रमण हटाई पुनरुत्पादन व्यवस्थापन/ वृक्षारोपण........4

१.२ गुरास संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धन, तिनजुरे मिल्के वन क्षेत्र........5

१. ३ वन व्यवस्थापन गरी काठ उत्पादन (सामुदायिक/साझेदारी/सरकारद्वारा व्यवस्थित बन)........6

१.३.१ साझेदारी वन व्यवस्थापन (दिगो वन व्यवस्थापन, कार्ययोजना कार्यान्वयन)........6

१.३.२. सरकारद्वार व्यवस्थित वन व्यवस्थापन........6

१.३.३ सामुदायिक बनमा दिगो बन व्यवस्थापन कार्यक्रम........7

१.४ अग्नी नियन्त्रण सम्बन्धि सामाग्री, उपकरण तथा सामान खरिद तथा वितरण........9

१.५ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन........11

१.६ बहुवर्षिय विरुवा उत्पादन (नर्सरी नाईकेको ज्याला सहित)........11

१.७ जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन कार्यक्रम (जलथल, धनुषाधाम, गोदावरी, वरण्डाभार, पन्चासे, मदाने, रेसुङ्गा, थाप्ले सत्यवती, काक्रेविहार, लालझाडी- मोहना, वसन्ता)........13

१.८ नर्सरी मर्मत........13

१.९ नदी उकास तथा खाली क्षेत्रमा वृक्षारोपण........14

१.१० मानव वन्यजन्तु द्वन्द न्यूनिकरण........15

१.११ ताल पोखरी सरक्षण तथा व्यवस्थापन (पोखरी सरक्षण, विरुवा ५, स्याङजा, प्रभास ताल पाल्पा, घोडाघोडी ताल, कैलाली, पातालगंगा ताल वारा )........15

१.१२ काठमाडौ उपत्यकाको वनमा Hiking व्यवस्थापन........16

१.१३ काठमाडौ उपत्यकाको जोखिमपूर्ण रुखको व्यवस्थापन........17

१.१४ वन्यजन्तु उद्दार केन्द्र स्थापना, काटमाडौ........17

१.१५ ऐतिहासिक पदमार्ग लक्षित (निलकण्ठ न.पा. ५ धादिङमा) Hiking सहितको पर्यापर्यटन व्यवस्थापन........18

१.१६ सौराहा टीकौली हुँदै पदमपुरसम्म मेष जालीसहितको तारवार........18

१.१७ खाता जैवक मार्ग (मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि सिमेन्ट पोल सहित मेसवायर फेन्स......19

२. जडीवुटी विकास कार्यक्रम......20

२.१ प्राकृतिक रुपमा रहेका जडिबुटीहरु संरक्षण तथा व्यवस्थापन......20

२.२ जडीबुटी विरुवा उत्पादन तथ खेती विस्तार ( टिमुर खेति विस्तार तथा प्रवर्द्धन, जाजरकोट समेत) ......20

२.३ पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार......22

२.४ जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सहकार्यमा जडीबुटी प्रशोधन तथा भण्डारण केन्द्र स्थापना (कर्णाली प्रदेशको राष्ट्रिय वन विकास कार्यक्रम तर्फको जडिबुटी भण्डारण तथा प्रशोधन उद्यम स्थापना तथा सन्चालन कार्यक्रम समेत )......23

३. जलाधार व्यवस्थापन कार्यक्रम......24

**३.१ ताल तलैया, रनअफ हार्भेष्टिङ ड्याम निर्माण**......24

**३.२. गल्छि पहिरो नियन्त्रण, खोला किनार संरक्षण निर्माण**......24

४. शहरी हरित पार्क / वातावरण मैत्री पार्क निर्माण (वातावरण विभाग)......25

प्रदेश मन्त्रालय अन्तर्गत संचालन हुने शसर्त अनुदानका कार्यक्रमहरु (ब.उ.शी.नं. ७०१०००११ - ७, सबै प्रदेशको लागि)

संघीय सरकारको वार्षिक स्विकृत कार्यक्रम अनुसार प्रदेश सरकारबाट सशर्त अनुदान मार्फत संचालनहुने कार्यक्रम संचालनको लागि सरलता, सहजता र एकरुपता प्रदान गर्न यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

क. प्रदेश सरकारबाट संचालनहुने संघीय सरकारको सशर्त अनुदानका कार्यक्रमहरु प्रदेश सरकारको वन तथा वातावरण हेर्ने मन्त्रालय तथा मातहतका निकायहरु मार्फत कार्यान्वयन गरिनेछ ।

ख. प्रदेश मन्त्रालय अन्तरगतका बिभिन्न कार्यालयबाट संचालन हुने कार्यक्रमको वजेट प्रदेश मन्त्रालयले विनियोजन (बाँडफाँट) गरे बमोजिम हुनेछ ।

ग. यस कार्यविधि अनुसार संचालन हुने सशर्त अनुदानका कार्यक्रम विनियोजित बजेटको सीमा वा परिधि भित्र रही कार्यान्वयन गर्नुपर्नेछ । कार्यक्रम कार्यान्वयनका लागि थप आर्थिक दायित्व सिर्जना गर्न पाइने छैन ।

घ. कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकनको व्यवस्था वन तथा वातावरण मन्त्रालय र प्रदेश सरकारको वन तथा वातावरण हेर्ने मन्त्रालयले मिलाउने छ ।

ङ. सशर्त अनुदान वित्तीय हस्तारतरणको माध्यम मात्र नभई सरकारको सशक्त नीति उपकरण भएको सन्दर्भलाई समेत दृष्टिगत गरी ससाना टुक्रे कार्यक्रम तथा आयोजना मार्फत कार्यान्वय नगरी तीनैतहका सरकारहरुबीचको समन्वय तथा सहकार्य तथा लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

च. कामको प्रकृति र स्वीकृत बजेटको परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६, सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४, बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन लगायत अन्य प्रचलित कानुन बमोजिम कार्य गर्न गराउन पर्नेछ |

## १. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम

नेपालको वन क्षेत्रको दिगो ढंगबाट संरक्षण, विकास र व्यवस्थापन गर्दै काष्ठ र गैरकाष्ठ वन पैदावारको उत्पादकत्व र उत्पादन वढाएर स्थानीय र राष्ट्रिय आवश्यकता परिपूर्ति एवं विदेश निकासी गरी स्थानीय तथा राष्ट्रिय आय बढाउन सकिन्छ । वन संरक्षण र व्यवस्थापनमा जनसहभागिता अभिबृद्धि गरी संरक्षण र विकासलाई प्रभावकारी वनाउनुका साथै यसबाट स्थानीय

जनतालाई रोजगारीको अवसरहरु सृजना गरी जीविकोपार्जनमा सुधारमा योगदान पुर्याउन सकिन्छ । यीनै सम्भावनाहरु लाई मध्येनजर गरी वन तथा वातावरण मन्त्रालयबाट संचालित विभिन्न कार्यक्रमहरुबाट वनको संरक्षण तथा विकासमा उल्लेखनीय प्रगति हासिल हुँदै आएको छ ।

राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत मुख्यरुपमा वन तथा जैविक विविधताको संरक्षण, वन संरक्षण, सम्वर्धन तथा व्यवस्थापन र वन पैदावारको सदुपयोग तथा आपूर्तिका कार्यक्रमहरु पर्दछन् । जडीबुटी कार्यक्रम लागू नभएका जिल्लाहरुमा जडीबुटी तथा अन्य गैरकाष्ठ वनपैदावारको संरक्षण तथा व्यवस्थापन समेत यसै कार्यक्रमबाट हुँदै आईरहेको छ । यसै कार्यक्रम अन्तरगत सबै डिभिजनहरुमा वन कार्ययोजना तयारी तथा अध्यावधिक गरी सोही अनुसारका कृयाकलाप संचालन गरिंदै आएको छ । अतः यस कार्यक्रम अन्तरगत निम्न क्रियाकलापहरू संचालन हुनेछन् ।

### १.१ वन अतिक्रमण हटाई पुनरुत्पादन व्यवस्थापन/ वृक्षारोपण

यस कार्यक्रमबाट अतिक्रमित वन क्षेत्रबाट अतिक्रमण गर्ने व्यक्तिहरु तथा घर टहरा हटाई पुनः वन क्षेत्र कायम गर्नु पर्नेछ । विभिन्न जिल्लाहरुमा वन अतिक्रमणको व्यवस्थापन गर्न यो कार्यक्रम संचालन गरिनेछ । अतिक्रमण हटाई नियन्त्रणमा लिइएको खाली जग्गामा सकभर सहभागितामूलक ढंगले बृक्षरोपण, संरक्षण तथा वन विकासका कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।

आकस्मिक रुपमा अतिक्रमण हटाउन वा अतिक्रमण हटाई सकिएको स्थान त्यसै छाडिदिंदा पुन अतिक्रमण हुनसक्ने भएकोले पुनः अतिक्रमण नहुने गरी संरक्षण गर्नुपर्नेछ । यस शीर्षकमा विनियोजन भएको बजेटबाट अतिक्रमण हटाउने, तारबार लगाउने, वृक्षारोपण गर्ने, आवश्यकतानुसार रोपिएका विरुवाहरुको संरक्षणका लागि हेरालुको व्यवस्था समेतका काममा खर्च गर्नुपर्नेछ । अतिक्रमण हटाउनको लागि जनशक्ति (सुरक्षाकर्मी, कर्मचारी, समुदाय आदि) परिचालन गर्नुपर्ने भएमा सोको लागि खाना, खाजा, यातायात, ईन्धन खर्च, संचार र उपचार खर्चको लागि समेत खर्च गर्न सकिनेछ। अतिक्रमण हटाई वृक्षारोपण गरिएको ठाउँमा अतिक्रमित क्षेत्र खाली गरिएको मिति, क्षेत्रफल, नक्शा, तुलनात्मक फोटो, GIS नक्शा समेत संलग्न राखी प्रतिवेदन तयार गर्नुपर्नेछ । वन अतिक्रमण हटाउंदा विशेष गरी निम्न कुराहरुमा ध्यान दिई कार्यान्वयन योजना तयार गर्नुपर्नेछ :

(१) पूर्व तयारी कार्यक्रमः लगत अध्यावधिक तथा योजना तयार, कार्यदलको बैठक संचालन, जनचेतनामूलक सन्देश प्रशारण तथा प्रकाशन, फिल्डस्तरीय अन्तरक्रिया आदि ।

(२) अतिक्रमण नियन्त्रणः समन्वय, सूचना प्रकाशन, लजिस्टिक सहयोग, सवारी भाडा (ट्र्याक्टर, बुल्डोजर समेत) प्राथमिक उपचार, इन्धन, बिमा आदि ।

(३) जनशक्ति परिचालनः सुरक्षाकर्मी, कर्मचारी, समुदाय आदि

(४) पुर्नस्थापनाः योजना तयारी, विरुवाको व्यवस्था तथा वृक्षारोपण, तारवार, सिमाना, हेरालु व्यवस्था आदि ।

**जनशक्ति व्यवस्थापन**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, सुरक्षाकर्मी, वन उपभोक्ता समूह तथा सरोकारवाला निकायहरु, स्थानीय तह समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- अतिक्रमित वन क्षेत्रको हैसियतमा सुधार भई वृक्षारोपण सहित उचित व्यवस्थापन हुने ।

## १.२ गुरास संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धन, तिनजुरे मिल्के वन क्षेत्र

नेपालमा पूर्वि क्षेत्रको तिनजुरे मिल्के जलजले क्षेत्र गुरासको लागि अत्यन्तै महत्वपूर्ण क्षेत्र हुन् । यस क्षेत्रको सरक्षणबाट गुरास प्रजातिको सरक्षण हुनुको साथै जैविक विविधता सरक्षणमा ठूलो योगदान पुग्नेछ र पर्यापर्यटन प्रवर्द्धन भई स्थानीय स्तरको आर्थिक विकास र स्थानीय जीविकोपार्जनमा समेत ठूलो टेवा पुग्नेछ ।

यस कार्यक्रम अन्तर्गत पर्यपर्यटनका प्रवर्द्धनका क्रियाकलापहरु तथा गुरासं संरक्षणसंग सम्बन्धित रहेर विभिन्न क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।यसको लागि स्वीकृत बजेटको परिधि भित्र रही कार्यान्वयन इकाईले वार्षिक कार्यक्रम तयार गर्नु पर्ने छ । यसरी तयार भएको कार्यक्रम डिभिजन वन अधिकृतबाट स्वीकृत गराएर लागु गर्नुपर्नेछ । बजेट खर्च तथा कार्यक्रमको प्रगति सहितको प्रतिवेदन डिभिजन वन कार्यालयले नियमित रुपमा पेश गर्नु पर्ने छ । कार्यक्रम कार्यान्वयन समूह, वन कर्मचारी वा सेवा प्रदायकबाट समेत गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, सरक्षण क्षेत्र व्यवस्थापन समूह/समिति, स्थानीय तह लगाएत अन्य सरोकारवालाहरु ।
- कार्यक्रमको प्रकृति अनुसार यो कार्य सेवा खरीद गरी पनि संचालन गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

विभिन्न गुरास प्रजातिको सरक्षण हुनुको साथै जैविक विविधता सरक्षणमा ठूलो योगदान पुग्नेछ र पर्यापर्यटन प्रवर्द्धन भई स्थानीय अर्थतन्त्रमा सकारात्मक टेवा पुग्नेछ ।

### १. ३ वन व्यवस्थापन गरी काठ उत्पादन (सामुदायिक/साझेदारी/सरकारद्वारा व्यवस्थित वन)

### १.३.१ साझेदारी वन व्यवस्थापन (दिगो वन व्यवस्थापन, कार्ययोजना कार्यान्वयन)

स्वीकृत बजेटको परिधि भित्र रही साझेदारी वन व्यवस्थापन कार्ययोजनाको आधारमा कार्यान्वयन इकाईले वार्षिक कार्यक्रम तयार गर्नु पर्ने छ । यसरी तयार भएको कार्यक्रम समितिको वैठकबाट पास गरी डिभिजन वन अधिकृतबाट स्वीकृत गराएर लागु गर्नुपर्नेछ । बजेट खर्च तथा कार्यक्रमको प्रगति सहितको प्रतिवेदन समूहले डिभिजन वन कार्यालयमा नियमित रुपमा पेश गर्नु पर्ने छ । कार्यक्रम कार्यान्वयन समूहबाट, वन कर्मचारी वा सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, साझेदारी वन व्यवस्थापन समूह/समिति, स्थानीय तह लगाएत अन्य सरोकारवालाहरु ।
- कार्यक्रमको प्रकृति अनुसार यो कार्य सेवा खरीद गरी पनि संचालन गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

- साझेदारी वनको व्यवस्थापन भई काठदाउराको उत्पादन तथा स्थानीय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने ।

### १.३.२. सरकारद्वार व्यवस्थित  वन व्यवस्थापन

सरकारद्धारा व्यवस्थित वनहरुमा वन व्यवस्थापनको स्वीकृत कार्ययोजना तथा प्रचलित नर्मस् वमोजिम कार्यक्रम संचालन गर्नुपर्नेछ । स्वीकृत वन व्यवस्थापन कार्ययोजनाको आधारमा विनियोजित बजेटको सीमा भित्र रही विस्तृत कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्नेछ । वन व्यवस्थापन गर्दा कार्ययोजनामा लेखिएको समयसिमा भित्र कार्य सम्पन्न गर्नु पर्दछ । वनमा कार्यान्वयन गरिएका योजना  कार्यक्रम, बजेट, नक्सा सबै खुल्ने गरी साइनबोर्ड बनाई सवैले देख्ने स्थानमा राख्नु पर्दछ । यसका सम्पूर्ण वा आंशिक कार्यक्रम सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारीबाट कार्यक्रम संचालन गर्नुपर्नेछ।
- कामको प्रकृति अनुसार सेवा खरीद समेत गरी यो कार्यक्रम संचालन गरिनेछ ।

अपेक्षित उपलब्धि

- सरकारद्वारा व्यवस्थित (चक्ला बन समेत) व्यवस्थापन भइ काठदाउराको उत्पादन तथा स्थानिय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने ।

### १.३.३ सामुदायिक बनमा दिगो बन व्यवस्थापन कार्यक्रम

हाल २२,००० हजार भन्दा बढि सामुदायिक वन उपभोक्ता समूह मार्फत २२,३७,६७० हेक्टर वनक्षेत्र व्यवस्थापन भईरहेकोछ । जसबाट २९,०७,८७१ घरधुरी लाभान्वित भई स्थानीय रोजगारीमा योगदान पुर्याईरहेको छ । विगतमा विभिन्न दातृ संस्थाहरुको सहयोगमा संचालन भएको सामुदायिक वन कार्यक्रम अहिले नेपाल सरकारको आन्तरिक श्रोतबाट संचालित छ ।

यस कार्यक्रम अन्तर्गत सामुदायिक वन समूह गठन, कार्ययोजना तयारी तथा वन हस्तान्तरण, तथा कार्ययोजना पुनरावलोकन, दीगो वन व्यवस्थापनका लागि वन व्यवस्थापनको स्थलगत अभ्यास, क्षमता तथा सिप विकास, कार्ययोजना कार्यान्वयन (वन व्यवस्थापन, पुनरुत्पादन व्यवस्थापन आदि), तथ्यांक संकलन तथा अध्यावधिक जस्ता कार्यक्रम संचालन गर्न सकिनेछ ।

**क. सामुदायिक वन क्षेत्र छनौट**

उपलब्ध भए सम्म १०० हेक्टर वा सो भन्दा बढी क्षेत्रफलका सामुदायिक वनहरु दिगो व्यवस्थापनको लागि छनौट गर्नु पर्दछ ।

**ख. दिगो वन ब्यवस्थापन कार्ययोजना तयारी (परिमार्जन), स्विकृती**

१) यो कार्यक्रमबाट दिगो वन ब्यवस्थापनको लागि छनौटमा परेका सामुदायिक वनका पदाधिकारी तथा उपभोक्ताहरुलाई वन व्यवस्थापन सम्बन्धमा आधारभुत तालिम दिन सकिनेछ । यस्तो तालिम अधिकांश फिल्डमा गएर वन क्षेत्रमा नै संचालन गर्नु पर्नेछ ।

२. दिगो वन व्यवस्थापन कार्ययोजना तयारी कार्यमा प्राविधिक सहायता डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ । तर डिभिजन वन कार्यालयको जनशक्तिले नभ्याउने अवस्थामा परामर्श सेवाबाट कार्ययोजनाहरु तयारी तथा परिमार्जन गर्न सकिनेछ ।

३. सेवा प्रदायकबाट कार्ययोजनाहरु तयार वा परिमार्जन गर्नुपर्ने भएमा निम्न प्रकृया पुरा गरी गर्नु पर्नेछ ।

क) डिभिजन वन कार्यालयले वन व्यवस्थापन कार्ययोजना तयार गर्न सक्ने प्राविधिकहरु भएको सम्भाव्य सेवा प्रदायकहरुको सूचि डिभिजन वन कार्यालयले तयार गर्नु पर्नेछ ।

ख) समूहले कार्ययोजना तयार गर्नको लागि डिभिजन वन कार्यालयमा सूचिकृत भएका सेवा प्रदायकबाट प्रस्ताव आव्हान गरी कम्तिमा डिभिजन वन कार्यालय, सम्वन्धित सबडिभिजन वन कार्यालय र समूहमा तीस दिने सूचना टाँस गर्नु पर्नेछ ।

ग) प्रस्तावकले  प्रस्ताव पेश गर्दा वन कार्ययोजना तयार गर्ने कार्यमा संलग्न हुने वन प्राविधिकको बायोडाटा अनिवार्य रुपमा समावेश भएको हुन पर्ने छ र प्रस्तावमा बायोडाटा समावेश भएको प्राविधिकले नै काम गर्नु पर्ने छ । कार्ययोजना तयार गर्ने वा परिमार्जन गर्ने वन प्राविधक (टोली नेता) कम्तीमा वन विज्ञानमा स्नातक गरी संवन्धित विषयमा ३ बर्षको अनुभव भएको हुनु पर्नेछ ।

घ) परेका प्रस्तावंहरुको समूहले डिभिजन/सबडिभिजन वन कार्यालयका वन प्राविधिकको सहयोगमा प्राविधिक र आर्थिक पक्षको आधारमा मुल्याङ्कन गर्नु पर्नेछ । प्राविधिक पक्षको भार ७० प्रतिशत र आर्थिक पक्षको भार ३० प्रतिशत राखी मुल्याँकन गर्दा सबै भन्दा बढी अंक प्राप्त गर्दछ सोही सेवा प्रदायकलाई छनौट गरी काम शुरु गर्न सहमतिको लागि डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ ।

ङ) डिभिजन वन कार्यालयले कार्ययोजना तयारी वा परिमार्जन गर्ने कार्यको लागत अनुमान तयार गरी सो कार्य वापतको रकम सम्वन्धित समुहको वैकं खातामा जम्मा गर्न सक्नेछ । लागत अनुमान तयार गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्म्स र जिल्ला दररेटलाई आधार लिनुपर्नेछ । स्वीकृत लागत अनुमानभन्दा डिभिजन वन कार्यालयले उपलव्ध गराएको रकम कम वा अपुग हुने भएमा समूहले आफनो कोषको रकम समेत खर्च गरी कार्ययोजना तयारी तथा कार्यान्वयन गर्न सक्नेछ ।

च) समुहले माथि उल्लेखित प्रक्रिया पुरा गरी छनौट भएको सेवा प्रदायक संग लागत र समय तोकी सम्झौता गरी कार्ययोजना तयारी गर्नु पर्नेछ । सँझौता बमोजिम समयमै काम सम्पन्न नगर्ने सेवा प्रदायकलाई सम्वन्धित समूहको सिफारिसमा डिभिजन वन कार्यालयले कालोसूचिमा राख्ने लागायत कार्वाही गर्न सक्नेछ । सव डिभिजन वन कार्यालयले सो को अनुगमन तथा पृष्ठपोषण गर्नेछ ।

छ) उपरोक्त अनुसार तयार भएको वा परिमार्जन भएको कार्ययोजना स्विकृति पूर्व रिभ्युको लागि डिभिजनल वन अधिकृतले ३ सदस्यीय टिम गठन गर्नु पर्नेछ, उक्त टिमले रिभ्यु समीक्षा, पुनरावलोकन गरी आवश्यक परे बिशेषज्ञको समेत सेवा लिई कार्ययोजनामा आवश्यक सुधार गरी

स्विकृतिको लागि सिफारिस गर्नु पर्नेछ, टिमकोलागि आवश्यक वैठक, खाजा, मसलन्द तथा विशेषज्ञको पारिश्रमिक आदि यस शिर्षकमा विनियोजित बजेटबाट खर्च गर्न सकिनेछ ।

ज) डिभिजनल वन अधिकृतले गठन गरेको टोलिको रिभ्यु पश्चात उपभोक्ताको साधारण सभाबाट पारित गरी कार्ययोजना स्वीकृतिका लागि डिभिजनल वन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

**ग. कार्ययोजनाको कार्यान्वयन**

स्वीकृत कार्ययोजना बमोजिमका वन व्यवस्थापनका कृयाकलापहरु गर्न शुरुमा एक पटकको लागि मात्र समूहलाई अनुदान दिन सकिनेछ ।

**घ. जनशक्ति व्यवस्थापन**

- सामुदायिक वनको कार्ययोजना कार्यान्वयन समुहबाट गर्नुपर्नेछ ।
- प्रदेशस्तरका डिभिजन तथा सबडिभिजन कार्यालयका कर्मचारीहरुद्वारा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।
- काठ दाउरा संकलनको काम सेवा प्रदायकबाट गर्न सकिनेछ ।

**ङ. वजेट व्यवस्थापन**

- विनियोजित बजेटको बढीमा ४ प्रतिशत रकम कार्यक्रम सचालनका लागि डिभिजन वन कार्यालयले व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**च. अपेक्षित उपलब्धि**

- सामुदायिक वन ब्यवस्थापन कार्ययोजना तयारी (परिमार्जन), स्विकृति तथा कार्यान्वयन, दिगो व्यवस्थापन हुने ।

## १.४ अग्नी नियन्त्रण सम्बन्धि सामाग्री, उपकरण तथा सामान खरिद तथा वितरण

वन डढेलो नियन्त्रणको लागि प्रयोग गर्नुपर्ने विशेष किसिमको औजार तथा सामग्रीहरु र अग्नि समन टोली (Fire fighting team) सदस्यहरुले लगाउने वा प्रयोग गर्ने सुरक्षा सामाग्री खरीद गर्नु पर्नेछ ।सामाग्रीहरु आगोले सजिलै नजल्ने किसिमको हुनु आवश्यक छ । यसको लागि उदाहरणको रूपमा तालिका १ बमोजिमका औजारहरु खरिद गर्न सकिनेछ ।

तालिका नं. १: डढेलो नियन्त्रणका सामग्रीहरु

| सि.नं. | सामानको नाम |
|---|---|
| १ | Swatter (स्वाटर) |

| | |
|---|---|
| २ | Jet Shooter (जेट सुटर) |
| ३ | Shovel (बेल्चा) |
| ४ | Rake (दाँती) |
| ५ | Rake-hoe (दाँती हलो) |
| ६ | Axe-hoe (बन्चरो) |
| ७ | First-aid Kit (प्राथमिक उपचार) |
| ८ | Jump-suit (जम्प शुट) |
| ९ | Gloves (बाक्लो पंजा) |
| १० | Helmet (हेल्मेट) |
| ११ | Boot (जुत्ता) |
| १२ | Torch (टर्च) |
| १३ | Socks (बाक्लो मोजा) |
| १४ | Water Bottle (पानीको बोत्तल) |
| १५ | Face Mask (अनुहार मास्क) |
| १६ | Water tank (पानी टैंक) |
| १७ | अन्य आवश्यक स्थानीय सामाग्री |

पुनश्चः यो बाहेक मोटर जाने स्थानमा मोटरमा पानी, पानीटंयाकी प्रयोग गर्नुपर्नेछ । पम्प र पाइपहरु पनि उपयोगमा ल्याउन सकिन्छ । तर यसको लागि स्रोतको उपलब्धता अनुसार डिभिजन वन कार्यालयले विशेष व्यवस्था गर्न सक्नेछ । सम्भव भएसम्म नेपाल गुणस्तर वा अन्तराष्ट्रिय गुणस्तरका सामग्रीहरु भरपर्दो संस्था वा विक्रेताबाट खरिद गर्नुपर्दछ, र सो सम्भव नभएमा स्थानीयस्तरमा उपलव्ध गुणस्तरीय सामानहरु खरिद गर्नुपर्दछ ।

**अपेक्षित उपलब्धि**

- डिभिजन वन कार्यालयहरुमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि आवश्यक औजारहरुको व्यवस्था भई डढेलो उचित व्यवस्थापन हुने ।

## १.५ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन

सुख्खा याम अर्थात फाल्गुण– चैत्र देखिनै वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागी एवं डंढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ । कतिपय अवस्थामा मानिसको नियन्त्रण भन्दा वाहिर पनि वन डंढेलो प्रकोप देखापर्ने गरेको छ । वन डंढेलोको नियन्त्रण गर्न पंचवर्षीय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित Action plan हरु एक मुख्य एउटा आधार हुनेछ । आवश्यकतानुसार नजीकका समूहलाई संस्थागत रुपमा जोडी अग्नि नियन्त्रण सञ्जालको रुपमा रुपान्तरण गर्नु पर्दछ । यस शीर्षकमा व्यवस्था भएको रकम नियन्त्रित डढेलो लगाउने, संजाल परिचालन, वनभूमिमा भएको प्रज्वलनशील सुक्खा पदार्थ व्यवस्थापन आदि कामहरुमा खर्च गर्न सकिनेछ । अग्निरेखा निर्माण तथा मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, अग्नि नियन्त्रण सञ्जाल, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी आदि खर्च), डढ्लो सूचना खरिद, प्राथमिक उपचार, दमकल परिचालन आदि कार्यक्रमहरुमा पनि खर्च गर्न सकिनेछ । वन डढेलो सम्वन्धी सूचना प्रशारण तथा उपकरण खरिदमा समेत यो रकम खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपश्चात प्रगति प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत स्थानिय तह, वन उपभोक्ता समूहहरु, सेना, प्रहरी समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- डिभिजन वन कार्यालयहरुले वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना तयार भई कार्यान्वयन हुने ।

## १.६ बहुवर्षिय विरुवा उत्पादन (नर्सरी नाईकेको ज्याला सहित)

जिल्लामा खाली रहेको वनक्षेत्रमा वृक्षारोपण गर्न, समुदायको जग्गामा बिरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न डिभिजन वन कार्यालय वा मातहतका सब डिभिजन वन कार्यालय मार्फत बहुवर्षिय विरुवा उत्पादन कार्ययोजना वनाई यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । विज्ञहरु समेत सम्मिलित टोलीको राय लिएर डिभिजनल वन अधिकृतले कर्मचारीहरुको बैठकबाट स्थानीय आवश्यकता, उपभोक्ताहरुको रुचि, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य बहुउपयोगी प्रजाति छनौट गर्न सक्नेछ । कार्यालय आफैले नर्सरी संचालन गर्दा वीउ स्रोत, समयतालिका आदि समेत खुल्ने गरी डिभिजनल वन अधिकृतबाट प्रमाणित

गरिएको वन नर्सरी रेजिष्टर राख्नु पर्नेछ । उक्त वन नर्सरीमा बिरुवा वितरणको विवरण अनिवार्य रुपमा राख्नु पर्दछ । विनियोजत वजेटमा नर्सरी नाईकेको ज्याला समेत समावेश गरिएको छ। यसमा विभिन्न साइजका पोलिपटमा विभिन्न साइजका विरुवाहरु उत्पादन गर्न सकिनेछ । बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।

क. जिल्लामा कुन कुन प्रजातिका बिरुवाहरुको माग छ सो को प्राथमिक सर्भेक्षण गरी माग बमोजिम र वृक्षारोपण गरिने क्षेत्रको लागि चाहिने विरुवा संख्या र प्रजाति एकीन गर्नुपर्नेछ साथै सोही अनुसार बिरुवा उत्पादनको लागि कार्ययोजना (समय तालिका) तयार गर्नुपर्नेछ ।

ख. कार्यदिशमा कुन कुन प्रजातिका बिरुवा उत्पादन गर्नुपर्नेहो स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

ग. गुणस्तरयुक्त तथा स्थानियस्तरमा सफल भएका रुखविरुवाका बीउलाई मात्र छनोट गर्नुपर्नेछ । उपलब्ध भएसम्म विभागबाट प्रमाणित गरिएको बीऊ खरिद वा संकलन गर्नुपर्नेछ ।

घ. यसरी उत्पादन हुने बिरुवा समुदायमा आधारित वन, सरकारद्धारा व्यवस्थित वन, सार्वजनिक तथा सरकारी जग्गामा वृक्षारोपण, वातावरण दिवस, वन महोत्सव जस्ता कार्यक्रम तथा सर्वसाधारणहरुलाई निजी वृक्षारोपणका लागि वितरण गरिनेछ ।

ङ. बिरुवा उत्पादन भई वितरण गर्दा वितरण लगत राखिनुपर्नेछ । बिरुवा वितरण गरिएको बिस्तृत विवरण अद्यावधिक गरेर राख्नुपर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।

- उत्पादित विरुवाहरुको जात र संख्या
- वितरणको लगत: सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वन तथा आवादी जग्गामा, सार्वजनिक पर्ति जग्गामा रोपण गर्न
- विभिन्न क्रियाकलापहरुको फोटोहरू

**जनशक्ति व्यवस्थापन**

- विरुवा उत्पादन (विभिन्न प्रकारका रुख, काष्ठ तथा बहुउपयोगी प्रजाति) कार्यक्रम संचालनको लागि सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक मार्फत कार्यान्वयन गरिने छ ।

**अपेक्षित उपलब्धि**

- लक्षित कार्यक्रम अनुसारको विरूवा उत्पादन भई वितरण हुनेछन् ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

### १.७ जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन कार्यक्रम (जलथल, धनुषाधाम, गोदावरी, वरण्डाभार, पन्चासे, मदाने, रेसुङ्गा, थाप्ले सत्यवती, काक्रेविहार, लालझाडी- मोहना, वसन्ता)

विभिन्न स्थानमा संरक्षित क्षेत्र भन्दा बाहिरको क्षेत्रहरुमा वन्यजन्तुहरुको जैविक मार्ग, बटलनेक्सहरु, वासस्थान संरक्षण र वन संरक्षण क्षेत्र व्यवस्थापनका लागि यो रकम खर्च गरिनेछ। यस कार्यक्रम अन्तर्गत प्रजाति संरक्षण, वासस्थान संरक्षण, मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सम्बन्धि विविध कार्यक्रम, वन्यजन्तुको लागि पानी पोखरी निर्माण, घाँसे मैदान व्यवस्थापन, जैविक विविधता तथा जैविक मार्ग संरक्षण सम्बन्धि प्रचार प्रसारका कार्यहरु गर्न सकिने छ। हाल कार्यान्वयनमा रहेका TAL, CHAL लगायतका भू परिधिस्तरका रणनीति तथा कार्यक्रमसंग तालमेल हुने गरी कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने छ। साथै, प्रकृति सुहाउदो हुने गरी संरक्षण तथा संरचना निर्माण गर्ने, प्रजाति संरक्षण कार्ययोजना अनुसारका कार्यक्रम सन्चालन गर्न सकिने छ।

**जनशक्ति व्यवस्थापन**

- प्रदेशस्तरको सम्बन्धित कार्यालयका कर्मचारीहरुको प्राबिधिक सहयोगमा कार्य संचालन गर्न सकिनेछ र आवश्यकता अनुसार प्रदेशले जनशक्ति व्यवस्थापन समेत गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धि**

- विभिन्न स्थानमा संरक्षित क्षेत्र भन्दा बाहिरको क्षेत्रहरुमा वन्यजन्तुहरुको जैविक मार्ग, वासस्थान संरक्षण र वन संरक्षण क्षेत्रको संरक्षण एवं व्यवस्थापन भएको हुनेछ।

### १.८ नर्सरी मर्मत

डिभिजन वन कार्यालयहरु तथा मातहत कार्यालयमा विगतका आ.व. देखि नै संचालनमा रहेका नर्सरीहरुलाई मर्मत तथा क्षमता अभिवृद्धि गरी विरुवा उत्पादन गर्नु यस कार्यक्रमको उदेश्य रहेको छ ।।

नर्सरीमा सिचाँईको स्थायी व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारवार वा पर्खाल, ओभरहेड वाटर टैक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा पाईप जडान गरी स्पिरिङकल सिचाईको व्यवस्था, वत्तीको, आदि जस्ता नर्सरी मर्मतसंग सम्बन्धित क्रियाकलापहरु यस कार्यक्रम अन्तर्गत गर्न सकिनेछ । नर्सरी मर्मत तथा सुधार गर्दा गरिएका क्रियाकलापहरुको स्पष्ट देखिने गरी रजिष्टरको व्यवस्था गरिनुपर्दछ । नर्सरी राखिएको स्थानमा स्पष्ट देखिनेगरि नामाकरण गरी देखिने गरी हो-र्डीड. बोर्ड राख्ने । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।

- नर्सरी मर्मत गरिएको स्थान, फोटो तथा नक्शाहरु बिषयगत समेत

- नर्सरीको पहिलेको क्षमता र अभिवृद्धि गरिएको भए हालको क्षमता
- मर्मत गर्दा लागेको खर्च

**जनशक्ति व्यवस्थापन**

- यस कार्यक्रमका लागि डिभीजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालय का कर्मचारीहरु परिचालित हुनेछन् ।
- वन तथा भू सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

**अपेक्षित उपलब्धि**

- नर्सरीको मर्मत संभार भएको हुने ।

## १.९ नदी उकास तथा खाली क्षेत्रमा वृक्षारोपण

देशका विभिन्न भागमा विशेष गरी तराई, चुरे र भित्री मधेशमा ठूलो क्षेत्रफलमा नदी उकास तथा खाली क्षेत्र रहेको छ। सो क्षेत्रहरुमा वृक्षारोपण गर्न सकेमा खाली जग्गाको सदुपयोग मात्र नभएर वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण पुग्नका साथै राष्ट्रिय वनमा वन पैदावारको चाप समेत कम गराउन सकिन्छ । नदी उकास तथा खाली रहेको क्षेत्रमा वृक्षारोपण गरी रुखले ढाकेको क्षेत्रको विस्तार गर्न डिभिजन वन कार्यालय वा मातहतका सब डिभिजन वन कार्यालय मार्फत विरुवा उत्पादन/खरीद कार्ययोजना वनाई वृक्षारोपण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।यस्ता क्षेत्रमा वृक्षारोपणको कार्य गर्दा सम्भव भए सम्म वहुवर्षीय विरुवा विरुवामात्र लगाउनु पर्दछ साथै उक्त विरुवाको पर्याप्त सुरक्षा हुने गरी तारबार वा बारबेराको प्रबन्ध मिलाउनु पर्दछ । विज्ञहरु समेत सम्मिलित टोलीको राय लिएर डिभिजनल वन अधिकृतले कर्मचारीहरुको बैठकबाट स्थानीय आवश्यकता, उपभोक्ताहरुको रुचि, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य वहुउपयोगी प्रजाति छनौट गर्न सक्नेछ । यो कार्यक्रमका लागि आवश्यक विरुवा उपयुक्त खरिद प्रक्रिया अपनाई नीजि वन नर्सरीहरु वा डिभिजन वन कार्यालयहरुको आफ्नै नर्सरीबाट समेत उपलब्ध गराउन सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- नदी उकास तथा खाली जग्गामा वृक्षारोपण कार्यक्रम संचालनको लागि सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक मार्फत कार्यान्वयन गरिने छ ।

**अपेक्षित उपलब्धि**

- लक्षित कार्यक्रम अनुसारको नदी उकास तथा खाली जग्गामा वृक्षारोपण हुनेछ ।
- स्थानीयस्तरमा वन पैदावारको आपूर्तिमा सहजता हुनेछ ।
- खाली पर्ति जमिनको उपयोग संगै हरियाली वृद्धि हुनेछ ।

## १.१० मानव वन्यजन्तु द्वन्द न्यूनिकरण

मानव वन्यजन्तु द्वन्द आकस्मिक रुपले घटने हुँदा यसलाई सम्बोधन गर्न सधै तयारी आवश्थामा रहनु पर्ने हुन्छ तसर्थ यस्ता आत्यवश्यक तथा मानव संवेदनासंग जोडिएको विषयमा बजेट विनियोजन हुनु पर्ने सत्यतालाई आत्मसाथ गर्दै यस कार्यक्रम तय गरिएको छ। वन्यजन्तुको संरक्षणमा प्राप्त सफलतासंगै देशका विभिन्न भागमा मानव र वन्यजन्तुविच द्वन्द वढिरहेको अवस्था छ। खासगरी निकुन्ज, संरक्षण क्षेत्र तथा अन्य वन जंङ्गल आसपासको क्षेत्रमा दैनिक जसो मानव वन्यजन्तु द्वन्दका घटनाहरु घटिरहेका छन । यसलाई न्यूनिकरण गर्दै मानव वन्यजन्तु सह अस्तित्व कायम गर्नको लागि यो कार्यक्रम सन्चालन गरिने छ । यस कार्यक्रममा विनियोजित वजेट उद्दार कार्य गर्न, उद्दारसंग सम्बन्धित औषधि, सामाग्रीमा खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत स्थानिय तह, सरक्षण साझेदारहरु, सेना, प्रहरी समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- यस कार्यक्रमबाट मानव वन्यजन्तु द्वन्द न्यूनिकरणमा टेवा पुग्ने छ ।

## १.११ ताल पोखरी सरक्षण तथा व्यवस्थापन (पोखरी सरक्षण, विरुवा ५, स्याङजा, प्रभास ताल पाल्पा, घोडाघोडी ताल, कैलाली, पातालगंगा ताल वारा )

जलवायु परिवर्तन, जैविक विविधता तथा स्थानीय पर्यावरण संरक्षणको दृष्टिकोणबाट देशका विभिन्न भागमा रहेका पोखरी तथा तालहरु सरक्षण गर्नु महत्वपूर्ण रहेको छ। यस कार्यबाट सिमसार क्षेत्रको वृद्धिमतापूर्ण उपयोग गर्दै स्थानीय जीविकोपार्जनमा समेत सकारात्मक टेवा पुर्याउन सकिने सम्भावना रहेको छ । यसैगरी, ताल तथा पोखरीहरुलाई पर्यटकीय स्थलको रुपमा समेत विकास गर्न सकिन्छ । यसबाट पर्यापर्यटन प्रवर्द्धन भई आर्थिक विकासमा समेत टेवा पुग्नेछ । यस कार्यक्रम अन्तर्गत ताल तथा पोखरीहरुको सरसफाई, आवश्यक पूर्वाधार निर्माण, पोखरी सौन्दर्यीकरण जस्ता क्रियाकलापहरु सञ्चालन गरिनेछ । ।

**जनशक्ति व्यवस्थापन**

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार काठमाडौं

- ताल पोखरी सरक्षण तथा व्यवस्थापन कार्यक्रम संचालनको लागि सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक, उपभोक्ता समिति तथा आवश्यकता अनुसार परामर्शदाता मार्फत समेत कार्यान्वयन गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

- ताल पोखरी सरक्षण तथा व्यवस्थापन भई जैविक विविधता संरक्षण भई स्थानीय पर्यापर्यटन प्रवर्द्धन तथा जीविकोपार्जनमा समेत टेवा पुग्नेछ ।

## १.१२ काठमाडौ उपत्यकाको वनमा Hiking व्यवस्थापन

हाल काठमाडौ उपत्यकाको बढ्दो शहरीकरण तथा अव्यवस्थित वसोवासले गर्दा खाली जग्गा तथा क्षेत्रको अभाव रहको छ। मानिसहरुलाई फुर्सदको समय व्यवस्थापन गर्नको लागि निकै समस्या परेको देखिन्छ। काठमाडौं उपत्यका बासीहरुलाई प्राकृतिक स्थानमा स्वच्छ वातावरणमा समय व्यतित गर्ने पर्याप्त स्थानको सुविधा छैन । यसै कुरालाई मध्यनजर गर्दै उपत्यका वासीहरुलाई मनोरम प्राकृतिक पर्यावरणीय सेवाको अवसर प्रदान गर्नका साथ पर्यापर्यटन प्रवर्द्धनमा समेत टेवा पुर्याउन काठमाडौ उपत्यकाको आसपासको उपयुक्त वनमा Hiking व्यवस्थापनको लागि वजेट विनियोजन गरिएको छ। यस कार्यक्रम अन्तर्गत hiking व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण, पदमार्ग निर्माण, सुचना तथा चिन्ह व्यवस्थापन जस्ता क्रियाकलापहरु सञ्चालन गरिनेछ ।यसको लागि डिभिजन वन कार्यालय, काठमाडौले उपयुक्त क्षेत्रको छनौट गरी कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्ने छ।

जनशक्ति व्यवस्थापन

- काठमाडौ उपत्यकाको वनमा Hiking व्यवस्थापन कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालय, काठमाडौ तथा सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक, उपभोक्ता समिति तथा आवश्यकता अनुसार परामर्शदाता मार्फत कार्यक्रम कार्यान्वयन गरिने छ ।

अपेक्षित उपलब्धि

- काठमाडौ उपत्यकाको वनमा Hiking व्यवस्थापन भई आन्तरिक पर्यापर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्नेछ ।

## १.१३ काठमाडौ उपत्यकाको जोखिमपूर्ण रुखको व्यवस्थापन

काठमाडौ उपत्यकाका सडक छेउछाउमा भएका रुखहरु सडक विस्तारको क्रममा साथै उमेरका कारणले गर्दा जोखिमपूर्ण अवस्थामा रहेका छन् । यसबाट जुनसुकै समयमा ठूलो धनजनको क्षति हुने सम्भावना रहेको छ । ती जोखिमपूर्ण रुखहरुको व्यवस्थापन गरी धनजनको क्षति हुनबाट जोगाउन यस कार्यक्रममा वजेट विनियोजन गरिएको छ ।यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट सडक किनारामा रहेका जोखिमपूर्ण रुखहरु हटाउन आवश्यक पर्ने सामाग्री, कर्मचारी परिचालन तथा समन्वयमा खर्च गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- डिभिजन वन कार्यालय, काठमाडौले सरोकारवाला अन्य निकायहरु जस्तै सडकसंग सम्बन्धित कार्यालयहरु, स्थानीय तहहरुको समन्वय र सहकार्यमा यस कार्यक्रम सम्पन्न गर्नेछ ।

**अपेक्षित उपलब्धि**

- काठमाडौ उपत्यकाको जोखिमपूर्ण रुखको व्यवस्थापन भई धनजनको क्षति हुनबाट जोगाउन टेवा पुग्नेछ ।

## १.१४ वन्यजन्तु उद्दार केन्द्र स्थापना, काटमाडौ

नेपालमा हाल वन तथा वन्यजन्तुको संरक्षणमा प्राप्त सफलतासंगै मानव र वन्यजन्तुविच द्वन्द पनि वढिरहेको अवस्था छ।खासगरी निकुन्ज, सरक्षण क्षेत्र तथा जङ्गल आसपासको क्षेत्रमा दैनिक जसो मानव वन्यजन्तु द्वन्दका घटनाहरु घटिरहेका छन।विभिन्न समयमा वन्यजन्तुहरु मानव वस्तीमा प्रवेश गरी जनधनको क्षति गरिरहेका छन।यसरी क्षति पुर्याईरहेका समस्यग्रस्त वन्यजन्तुहरुलाई सुरक्षित तरिकाले राख्नका साथै घाईते तथा टुहुरा वन्यजन्तुको व्यवस्थापनका लागि काठमाडौ जिल्लामा नमूनाको रुपमा यो कार्यक्रम सन्चालन गरिने छ ।यस कार्यक्रममा विनियोजित वजेट वन्यजन्तु उद्दार केन्द्र स्थापनामा खर्च गरिने छ ।यस कार्यक्रम अन्तर्गत उद्दार केन्द्र निर्माणसंग सम्बन्धित नाप नक्सा तथा पूर्वाधार निर्माण कार्य सम्पन्न गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- डिभिजन वन कार्यालय, काठमाडौले यस कार्यका लागि जनशक्ति व्यवस्थापन गर्नेछ ।

**अपेक्षित उपलब्धि**

- वन्यजन्तु उद्दार केन्द्र स्थापना भई वन्यजन्तुको संरक्षण हुनेछ ।

## १.१५ ऐतिहासिक पदमार्ग लक्षित (निलकण्ठ न.पा. ५ धादिङमा) Hiking सहितको पर्यापर्यटन व्यवस्थापन

देशका विभिन्न भागमा भई रहेको बढ्दो शहरीकरण तथा अव्यवस्थित वसोवासले गर्दा खाली जग्गा तथा क्षेत्रको अभाव रहको छ। प्राकृतिक सौन्दर्यता र ऐतिहासिक पृष्ठभूमिलाई जोडेर पर्यटकीय गतिविधि सञ्चालन गर्न सकेमा पर्यापर्यटन प्रवर्द्धन हुनका साथै शहरी जनसंख्याले पर्यवरणीय सेवा र सुविधा लिने अवसर पनि प्राप्त गर्दछ । यसै कुरालाई मध्यनजर गर्दै ऐतिहासिक पदमार्ग लक्षित (निलकण्ठ न.पा. ५ धादिङमा) Hiking सहितको पर्यापर्यटन व्यवस्थापनको लागि वजेट विनियोजन गरिएको छ। यस कार्यक्रम अन्तर्गत hiking व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण, पदमार्ग निर्माण, सुचना तथा चिन्ह व्यवस्थापन जस्ता क्रियाकलापहरु सञ्चालन गरिनेछ ।यसको लागि डिभिजन वन कार्यालय, धादिङले आवश्यक कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्ने छ।

### जनशक्ति व्यवस्थापन

- ऐतिहासिक पदमार्ग लक्षित (निलकण्ठ न.पा. ५ धादिङमा) Hiking सहितको पर्यापर्यटन व्यवस्थापन कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालय, धादिङले आवश्यक जनशक्ति व्यवस्थापन गर्नेछ ।

### अपेक्षित उपलब्धि

- ऐतिहासिक पदमार्ग लक्षित (निलकण्ठ न.पा. ५ धादिङमा) Hiking सहितको पर्यापर्यटन व्यवस्थापन भएको हुनेछ ।

## १.१६ सौराहा टीकौली हुँदै पदमपुरसम्म मेष जालीसहितको तारवार

संरक्षणमा हासिल गरिएको सफलतासंगै देशका विभिन्न भागमा हाल मानव र वन्यजन्तुविच द्वन्द वढिरहेको अवस्था छ। खासगरी निकुन्ज, सरक्षण क्षेत्र तथा जङ्गल आसपासको क्षेत्रमा दैनिक जसो मानव वन्यजन्तु द्वन्दका घटनाहरु घटिरहेका छन । यसलाई न्यूनिकरण गर्नको लागि यो कार्यक्रम सन्चालन गरिने छ ।यस कार्यक्रममा विनियोजित वजेट सौराहा टीकौली हुँदै पदमपुरसम्म मेष जालीसहितको तारवार निर्माणको लागि खर्च गरिने छ ।यस कार्यक्रमले वन्यजन्तुलाई आफ्नै वासस्थानमा वस्ने वातावरणको विकास गर्ने तथा मानव वन्यजन्तु द्वन्द न्यूनिकरण गर्दै धनजनको क्षति हुनबाट रोक्न समेत सहयोग हुनेछ ।

### जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारीहरुले स्थानिय तह, सरक्षण साझेदारहरु,समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गर्नेछन् ।

अपेक्षित उपलब्धि

- यस कार्यक्रमबाट सौराहा टीकौली हुँदै पदमपुरसम्म मेष जालीसहितको तारवार निर्माण भई मानव वन्यजन्तु द्वन्द न्यूनिकरणमा टेवा पुग्ने छ ।
- जंगलमा मानिसहरुको प्रवेश समेतलाई नियन्त्रण गरी सम्भावित दुर्घटनालाई न्यूनीकरण गर्न सहयोग पुग्नेछ ।

## १.१७ खाता जैवक मार्ग (मानव वन्यजन्तु द्वन्दव्यवस्थापनका लागि सिमेन्ट पोल सहित मेसवायर फेन्स

संरक्षणमा हासिल गरिएको सफलतासंगै देशका विभिन्न भागमा हाल मानव र वन्यजन्तुविच द्वन्द वढिरहेको अवस्था छ। खासगरी निकुन्ज, सरक्षण क्षेत्र तथा जङ्गल आसपासको क्षेत्रमा दैनिक जसो मानव वन्यजन्तु द्वन्दका घटनाहरु घटिरहेका छन । बर्दिया जिल्लाको खाता जैविक मार्ग बाघ, हात्ति लगायतका जंगली जनावारहरुको आवत जावत गर्ने क्षेत्र भएको हुँदा यस क्षेत्रमा मानव वन्यजन्तु द्वन्दका घटनाहरु बारम्बार दोहोरि रहन्छन् । यसलाई न्यूनिकरण गर्नको लागि यो कार्यक्रम सन्चालन गरिने छ। यस कार्यक्रममा विनियोजित वजेट खाता जैविक मार्गमा मानव वन्यजन्तु द्वन्द व्यवस्थापनका लागि सिमेन्ट पोल सहित मेसवायर फेन्स निर्माणको लागि खर्च गरिने छ। यस कार्यक्रमले वन्यजन्तुलाई आफ्नै वासस्थानमा वस्ने वातावरणको विकास गर्ने तथा मानव वन्यजन्तु द्वन्द न्यूनिकरण गर्दै धनजनको क्षति हुनबाट रोक्न समेत सहयोग हुनेछ ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारीले स्थानिय तह, सरक्षण साझेदारहरु,को सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

अपेक्षित उपलब्धि

- यस कार्यक्रमबाट खाता जैविक मार्गमा मानव वन्यजन्तु द्वन्द व्यवस्थापनका लागि सिमेन्ट पोल सहित मेसवायर फेन्स निर्माण भई मानव वन्यजन्तु द्वन्द न्यूनिकरणमा टेवा पुग्ने छ ।
- जंगलमा मानिसहरुको प्रवेश समेतलाई नियन्त्रण गरी सम्भावित दुर्घटनालाई न्यूनीकरण गर्न सहयोग पुग्नेछ ।

## २. जडीवुटी विकास कार्यक्रम

महत्वपूर्ण जडीबुटी स्रोतहरुको दीगो संरक्षण र व्यवस्थापन गरी यसको संकलनवाट जीविकोपार्जन गर्दै आएका विपन्न तथा पिछडिएका वर्गलाई खेती विस्तार र उद्यम विकासमा सहभागी गराई आयआर्जनका अवसरवाट गरीबी न्यूनीकरण र समतामूलक विकासमा समेत सघाउ पुर्याउने सोचका साथ जडीवुटी विकास कार्यक्रम आ.व. २०६६/६७ देखि सञ्चालनमा रहेको छ । । यो कार्यक्रम विशेष रुपमा जडीवुटीको बाहुल्यता रहेको प्रदेश नं.१ , कर्णाली र सुदुरपश्चिम प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरुमा केन्द्रीत रहेको छ र सामान्य रुपमा जडीबुटी पाइने अन्य जिल्लामा समेत सञ्चालित छ ।

### २.१ प्राकृतिक रुपमा रहेका जडिबुटीहरु संरक्षण तथा व्यवस्थापन

देशका विभिन्न क्षेत्रमा प्राकृतिक रुपमा राष्ट्रिय वन, निजी तथा सार्वजनिक जग्गाहरुमा रहेका जडिबुटीहरु संरक्षण तथा व्यवस्थापन गर्ने उद्देश्यले यस कार्यक्रमको तय गरिएको छ। स्थान विशेस अनुसार जडिवुटीका प्रजातिहरु फरक फरक हुने हुनाले प्रजाति अनुसारका आवश्यक खेति प्रसार, संकलन, भण्डारण तथा संरक्षणका गतिविधिहरु यस कार्यक्रम अन्तर्गत गरही सञ्चालन गर्नु पर्दछ ।प्राकृतिक रुपमा रहेका जडिवुटीहरुको दिगो रुपमा संकलन तथा व्यवस्थापन गरी प्राकृतिमा उक्त प्रजातिको उपलब्धतालाई कायम राख्ने खालका क्रियाकलापहरु सम्पन्न गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- यस कार्यक्रमका लागि डिभीजन वन कार्यालय तथा सब डिभीजन वन कार्यालय का कर्मचारीहरु परिचालित हुनेछन् ।
- वन तथा भू सरक्षण विभाग, वनस्पति विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

**अपेक्षित उपलब्धि**

प्राकृतिक रुपमा रहेका जडिबुटीहरु संरक्षण तथा व्यवस्थापन भएको हुनेछ ।

### २.२ जडीबुटी विरुवा उत्पादन तथ खेती विस्तार ( टिमुर खेति विस्तार तथा प्रवर्द्धन, जाजरकोट समेत)

वनक्षेत्रलाई जैविक विविधतायुक्त बनाउन, वैकल्पिक आयस्रोतको रुपमा विकास गर्न जडीबुटी तथा गैरकाष्ठ प्रजातिका बिरुवा उत्पादन गरी वृक्षारोपण गर्न अभिप्रेरित गर्नुपर्नेछ र जडीबुटी

तथा गैरकाष्ठ वन पैदावारको आपूर्ति र उत्पादनमा अभिबृद्धि भई आयआर्जन तथा जीविकोपार्जनमा सुधार पुर्याउने उद्देश्यबाट यो क्रियाकलाप संचालन गरिनेछ । बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, निजी वन, कवुलियती वन, संरक्षित वन, साझेदारी वन आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।

जडीबुटी तथा गैरकाष्ठ प्रजाति उत्पादन गर्दा उच्च मूल्य, बजारमा माग भएको र स्थानीय किसानको रुचि अनुसारको प्रजातिहरुको सर्भेक्षण गरी सो को सूची बनाई उत्पादन गर्नुपर्नेछ । नर्सरीमा बिरुवा उत्पादन गर्दा स्थानीय आवश्यकता अनुसार तथा व्यवसायिक महत्वपूर्ण जडीबुटी प्रजाति, सुगन्धित घाँस तथा बाँस कलमी बिरुवा उत्पादन गर्नुपर्छ ।

जडीबुटी विकास कार्यक्रमको हकमा फोकल टीमले छनौट गरेको जडीवुटी प्रजातिको बिरुवा उत्पादन गर्नुपर्नेछ । जडीबुटीको खेतीको लागि विशेष क्षेत्र छनौट गरी उक्त क्षेत्रमा वृक्षारोपणको लागि बहुमूल्य र ठाउँ विशेष जडीबुटी जस्तै टिमुर, जैतुन, तेजपात, अमला, घिऊकुमारी आदि जातका बिरुवा उत्पादनमा जोड दिनुपर्नेछ, साथै यसप्रकारका बिरुवाहरु उत्पादन गर्नुपर्नेछ सम्भावना नदेखिएमा रुख प्रजातिका गैरकाष्ठ वन पैदावार जस्तैः लप्सी, ओखर, लौठसल्ला आदि जस्ता बिरुवाहरु अन्यत्र नर्सरीबाट खरिद गर्नुपर्नेछ । जडीबुटी प्रजाति उत्पादन गर्दा बिशेष किसिमको तालिमको आवश्यकता पर्ने भएमा सो को समेत व्यवस्था मिलाउनुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

- जडिवुटि विरुवा उत्पादनका लागि देशै भरका डिभीजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालय का कर्मचारीहरु परिचालित हुनेछन् ।
- वन तथा भू सरक्षण विभाग, वनस्पति विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

**अपेक्षित उपलब्धि**

- विभिन्न क्षेत्रको जग्गामा जडिबुटी खेती विस्तार भएको हुनेछ साथै, जाजरकोटमा टिमुर खेति विस्तार तथा प्रवर्द्धन भएको हुनेछ । ।

## २.३ पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार

एउटा क्षेत्रमा एउटै प्रजातीको जडिबुटी धेरै मात्रामा उत्पादन गरी जडीबुटि विकास तथा खेती विस्तारमा उद्यमी, किसान तथा समुह तथा विदेशबाट फर्किएका युवालाई प्रोत्साहितगर्न र उत्पादित जडीबुटिको सहज्ञ बिक्ति वितरण गर्न यो कार्यक्रम परिलक्षित छ ।

क. फोकल टिमले तोकिएको प्रजातिको पकेट क्षेत्र पहिचान गर्नुपर्नेछ ।

ख. छानिएका पकेटक्षेत्रमा खेती विस्तार गर्नका लागि पत्रिका, सार्वजनिक जनसम्पर्कका कार्यालय र पकेट क्षेत्रका स्थानीय तहमा ३० दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ ।

ग. इच्छुक उद्यमी, सामुदायिक तथा कवुलियती वन समूह, वा किसानले प्रकाशित सूचना वमोजिम डिभिजन वन कार्यालय मा प्रस्ताव पेश गर्नुपर्नेछ ।

घ. प्रस्ताव छनौटको मापदण्ड तयार गरी फोकल टिमले बढिमा १० वटा सम्म उत्कृष्ठ प्रस्ताव छनौट गरी डिभिजन वन कार्यालय लाई सिफारिस गर्नुपर्नेछ । मापदण्ड तयार गर्दा व्यावसायिक उत्पादन गर्न सक्ने क्षमता, बजारको पहुँच, प्रस्तावकको लगानी प्रतिशत, वैदेशिक रोजगारीबाट फर्किएका युवा र अनुभव लगायतका विषयलाई ध्यान दिने ।

ङ. फोकल टिमको सिफारिसको आधारमा डिभिजन वन कार्यालयले खेति विस्तारका लागि सम्झौता गर्नुपर्नेछ ।

च. कार्य संचालन गर्न प्रथम किस्तामा ४० प्रतिशत, दोस्रो किस्तामा ३० प्रतिशत र अन्तिम प्रतिवेदन प्राप्त भएपश्चात बाँकि ३० प्रतिशत रकम अनुदान स्वरुप भुक्तानी गर्नुपर्नेछ ।

छ. कार्य सम्पन्न भएपछि कार्यस्थलको फोटो (जग्गाधनी वा सामुदायिक वन उपभोक्ता समूहको हकमा उपभोक्ता समेतको) पश्चात कार्यस्थलको अवस्थिति (जि.पि.एस्) सुचक सहितका अन्य उपलब्धि/प्रभावकारिता सहितको आर्थिक र प्राविधिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

ज. प्राविधिक प्रगति प्रतिवेदनमा समावेश हुनपर्ने कुराहरु,

- जग्गाको कित्ता नं., फिल्डबुक, नक्सा, क्षेत्रफल, GPS Waypoints
- वृक्षारोपण गरिएका विरुवा संख्या र प्रजाति

झ. अनुगमन, निरीक्षण प्रतिवेदनमा फोकल टिमका कम्तीमा २ जना सदस्यको हस्ताक्षर अनिवार्य रुपमा हुनुपर्नेछ ।

ञ. वृक्षारोपण गरिएको ठाउँमा माथी उल्लेखित विवरणहरु सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नुपर्नेछ ।

ट. यो कार्यक्रमको डिभिजन कार्यालयले जडिबुटि उत्पादन नहुँदासम्म नियमित अनुगमन गरी पृष्ठपोषण दिनुका साथै प्रदेश मन्त्रालय र वन तथा भू संरक्षण विभागमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

- यस कार्यक्रमका लागि डिभीजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालय का कर्मचारीहरु परिचालित हुनेछन् ।
- वन तथा भू सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

अपेक्षित उपलब्धि

- देशको विभिन्न क्षेत्रमा जडिबुटीको खेति विस्तार भएको हुने ।

**२.४ जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सहकार्यमा जडीबुटी प्रशोधन तथा भण्डारण केन्द्र स्थापना (कर्णाली प्रदेशको राष्ट्रिय वन विकास कार्यक्रम तर्फको जडिबुटी भण्डारण तथा प्रशोधन उद्यम स्थापना तथा सन्चालन कार्यक्रम समेत )**

नेपाल जडिबुटीको भण्डारको रुपमा रहेको छ। यहाँ प्राकृतिक रुपमा समेत विभिन्न किसिमका जडिबुटीहरु रहेका छन् भने खेति विस्तारबाट समेत ठूलो मात्रामा जडिबुटी उत्पादन भई रहेको छ। यसरी उत्पादन भएका जडिबुटीहरुलाई आफ्नै देशमा प्रशोधन तथा भण्डारण गर्न सकेमा यसबाट देशको आर्थिक विकासमा टेवा पुर्याउन सकिन्छ। सोही कारण प्रत्येक प्रदेशमा कम्तिमा एक एक वटा प्रशोधन तथा भण्डारण केन्द्र स्थापना गर्ने उद्देश्यले चालु आ.व मा लुम्विनी र गण्डकी प्रदेशमा जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सहकार्यमा जडीबुटी प्रशोधन तथा भण्डारण केन्द्र स्थापना कार्यक्रमका लागि वजेट विनियोजन गरिएको हो। यसका लागि छुट्याईएको रकम जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सहकार्यमा डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र प्रदेश सरकारले तोकेको स्थानमा स्थापना गरिने छ । यस अन्तर्गत हावापानी र भौगोलिक अवस्था सुहाउँदो जडीवुटी प्रजातिहरुको प्रशोधन तथा भण्डारणका लागि आवश्यक पूर्वाधारहरुको निर्माण तथा अन्य मेसिनरी औजार खरिद तथा निर्माणमा यस शीर्षकको रकम खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

- यस कार्यक्रमका लागि सम्बन्धित प्रदेशको वन हेर्ने मन्त्रालयले आवश्यक कर्मचारीको व्यवस्थापन गर्नेछ । जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड मार्फत वा प्राविधिक सहयोगमा यस कार्य सम्पन्न गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

- लुम्विनी र गण्डकी प्रदेशमा १-१ वटा जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना भएको हुने ।

- स्थानीय स्तरमा जडीवुटीको प्रशोधन मार्फत मूल्य श्रृंखलामा वृद्धि हुने ।

## ३. जलाधार व्यवस्थापन कार्यक्रम

### ३.१ ताल तलैया, रनअफ हार्भेष्टिङ ड्याम निर्माण

यो कार्यक्रम भू(तथा जलाधार व्यवस्थापन कार्यालयहरु वा डिभिजन वन कार्यालयहरुले पायक पर्ने भू(तथा जलाधार व्यवस्थापन कार्यालय सँग समन्वय गरी तोकिएको स्थान वा यस किसिमको कार्यक्रम संचालन गर्न उपयुक्त  स्थान पहिचान गरी स्थानीय समुदायको सहभागितामा स्वीकृत लागत अनुमान अनुसार कार्यक्रम संचालन गरिने छ । यसको लागि साविक भू(तथा जलाधाधर संरक्षण विभागले तयार गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि र सन्दर्भ समाग्रीहरुको प्रयोग गरी प्राविधिक हिसावले सवल हुनेगरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ । यो कार्यक्रम कार्यान्वयन गर्दा पहाडी भिरालो क्षेत्र तथा चुरे क्षेत्रलाई  प्राथमिकता दिएर कार्यान्वयन गर्नुपर्ने छ । कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरु, विल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी वा भू तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारीहरु, समूह/समिति, स्थानीय तह लगाएत अन्य सरोकारवालाहरुसँगको समन्वयमा कार्यान्वयन गर्नुपर्दछ ।
- स्थानीय तहको लागत साझेदारीमा समेत कार्यक्रम संचालन गर्न सकिनेछ ।
- सेवा प्रदायकवाट समेत कार्य संचालन गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

- पानी श्रोतको रिचार्ज, गुणस्तर र मात्रा बृद्धि भएको हुने र बाढी पहिरोको जोखिम कम भएको हुने ।

### ३.२. गल्छि पहिरो नियन्त्रण, खोला किनार संरक्षण निर्माण

यो कार्यक्रम भूतथा जलाधार व्यवस्थापन कार्यालयहरु वा डिभिजन वन कार्यालयहरुले पायक पर्ने भू(तथा जलाधार व्यवस्थापन कार्यालय सँग समन्वय गरी तोकिएको स्थान वा यस किसिमको जोखिमपूर्ण स्थान पहिचान गरी कार्यक्रम संचालन (जोखिम आँकलन, नक्सा तयारी, ल.ई. तयार, कार्यान्वयन आदि) गर्न सक्ने छ । यसको लागि साविक भू(तथा जलाधाधर संरक्षण विभागले तयार गरेको कार्यक्रम कार्यान्वयन कार्यविधी र भू(क्षय एवं पहिरो नियन्त्रण सम्बन्धी गाईड

लाईन वा सन्दर्भ समाग्रीहरुको प्रयोग गरी प्राविधिक हिसावले सवल हुनेगरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने छ । कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरु, विल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ । यो कार्यक्रम संचालन गर्दा साविको भू संरक्षण विभागबाट प्रकाशित पहिरो व्यवस्थापन सम्बन्धी guidelines लाई समेत ध्यानमा राखी गल्छि पहिरो नियन्त्रण तथा फलफूल सहितको वायोइन्जिनियरिङको कृयाकलाप संचालन गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी वा भू तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारीहरु, समूह/समिति, स्थानिय तह लगाएत अन्य सरोकारवालाहरुसँगको समन्वयमा कार्यान्वयन गर्नु पर्दछ ।
- स्थानीय तहको लागत साझेदारीमा समेत कार्यक्रम संचालन गर्न सकिनेछ ।
- सेवा प्रदायकवाट समेत कार्य संचालन गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

- भू क्षय नियन्त्रणमा टेवा पुग्नेछ ।

## ५. शहरी हरित पार्क / वातावरण मैत्री पार्क निर्माण (वातावरण विभाग)

नेपाल स्वच्छ वातावरण महाअभियान, २०७५ अन्तर्गत संचालन गरिने यो कार्यक्रमले विभिन्न क्षेत्रमा हरियाली वृद्धी गर्ने, प्रदुषण कम गर्न सहयोगी भुमिका खेल्ने, खुला स्थानको उपलब्धता सुनिस्चित गराउने तथा जैविक विविधताको संरक्षण हुने लक्ष लिईएको छ । यस्ता स्थानहरु दैनिक जीवनमा **Recreational space** तथा विपद्को समयमा समेत पिडितको उद्दार तथा राहत वितरणमा समेत उपयोग गर्न सकिन्छ ।

हरित अर्थतन्त्र निर्माणमा हरित उद्यान **(Green City Park)** को निर्माण, व्यवस्थापन तथा संरक्षणले ठूलो भूमिका खेल्ने देखिन्छ । शहरी क्षेत्रभित्रका सडक किनारा, नदी किनारा तथा धार्मिक स्थलहरुमा वृक्षारोपण, सम्वर्द्धन र व्यवस्थापनका सथै शहरी सार्वजनिक तथा अन्य आवश्यक स्थानमा उद्यान विकास तथा व्यवस्थापन गरी हरियाली प्रवर्द्धन, सौन्दर्यीकरण तथा प्रदूषण न्यूनीकरणको कार्यलाई प्रभावकारी बनाउन आवश्यक देखिएकोले यो कार्यक्रम तर्जुमा गरिएको हो । यस कार्यक्रम अन्तरगत देहायका कार्यक्रमहरु संचालन हुनेछन् ।

क. उद्यान निर्माणका लागि देहायका कार्यहरु समावेश गर्न सकिनेछः-

I. Civil works
II. Sanitary works

III. Electrical works
IV. Plantation works
V. Landscaping works
VI. Awareness works

a. Only necessary works need to be included as per the condition of sites and location.
b. Drawing, Design, Specification, Rate analysis and Estimate of above works are compulsory.

1. Civil work
    a. Site Clearance
    b. Earthworks
    c. Soling works
    d. Concrete works
    e. Brick works
    f. Stone works
    g. Iron works
    h. Flooring works
    i. Roofing works
    j. Doors and Windows works
    k. Plaster works
    l. Painting works
    m. Dismantling works
    n. Aluminum and Prefab works
    o. Other necessary Civil work
2. Sanitary Works
    a. Drainage works
    b. Water supply works
    c. Toilet and Bathroom works
    d. Water Tank (Underground, Elevated etc.)
    e. Septic Tank and Soak pit
    f. Pipes and Fitting Works
    g. Other necessary works
3. Electricity Works
    a. Wiring, Lighting, Electric poles, Lamp post, MCB, DB Board, Networking, Telephone and others necessary electrical items.
4. Landscaping Works
    a. Aesthetic works to make park more attractive and harmonious with the environment.
5. Plantation Works
    a. Dubos plantation
    b. Turfing
    c. Flower plantation
    d. Bushes and Shrubs plantation
    e. Trees plantation
6. Awareness Works

a. Hoarding Boards
b. Digital Display
c. Dustbin
d. Other Information Boards

ख. वृक्षारोपण, हरियाली प्रवर्द्धन र सौन्दर्यीकरणका लागि देहायका कार्यहरु समेट्न सकिनेछः-

- यस कार्यका लागि माथि उद्यान निर्माणका लागि उल्लेख भएका कार्यहरु मध्ये आवश्यक कार्यहरु र त्यसको Drawing, Design, Specification, Rate analysis र Estimate अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
- सडक, नदी किनारा जस्ता Linear रुपमा गरिने वृक्षारोपणका लागि right of way स्पष्ट हुनुपर्नेछ ।
- खण्ड (ख) बमोजिम गरिने वृक्षारोपणको लागत अनुमान तयार गर्दा Tree Guard को Drawing, Design, Specification, Rate analysis र Estimate समेत समावेश गरेको हुनुपर्नेछ ।

ग. कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरु, विल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

घ. यो कार्यक्रम संचालन गर्दा इन्जिनियरिङ संरचना भन्दा हरित संरचनालाई प्राथमिकता दिई कृयाकलाप संचालन गर्नुपर्नेछ ।

### जनशक्ति व्यवस्थापन

- प्रदेश मन्त्रालय, प्रदेश बन निर्देशनालय वा डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी वा भू तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारीहरु,समूह/समितिबाट कार्यक्रम संचालन गर्न सकिनेछ ।
- सेवा प्रदायकवाट समेत कार्य संचालन गर्न सकिनेछ ।
- सेवाप्रदायकबाट काम गर्दा विनियोजित बजेटको बढीमा ५ प्रतिशत रकम कार्यक्रम सचालनका लागि कार्यसंचालन कार्यालयले व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

### स्थानीय तहको लागत साझेदारी

स्थानीय तहहरुले समेत यसमा साझेदारको रुपमा कार्य गर्न सक्नेछन् । साझेदारी युक्त प्रस्तावलाई प्राथमिकताका साथ संचालन गरिनेछ । यसको लागि देहायको व्यहोरा खुलाइ प्रस्ताव पेश गर्नु पर्नेछ । लागत साझेदारिमा कार्यक्रम संचालन गर्न चाहने स्थानीय तहले देहाय वमोजिमको लागत समझेदारी सहितको अवधारणा पत्र (बढीमा ५ पृष्ठको) पेश गर्नु पर्नेछ ।

(क) कार्यक्रमको नामः

(ख) प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरणः

(ग) उद्देश्यः

(घ) लक्षित समुदायः

(ङ) क्रियाकलापः

(च) कार्यक्रम अवधिः

(छ) वातावरण संरक्षणमा यसले पार्ने प्रभावः

(ज) अनुमानित कूल लागतः

(१) स्थानीय तहको हिस्साः

(२) अन्य साझेदारको हिस्साः

(३) यस कार्यक्रमबाट प्रदान गर्ने सहयोगको हिस्सा (माग)

### अपेक्षित उपलब्धि

- स्वीकृत कार्यक्रम अनुसारको तोकिएको स्थानमा शहरी पार्क स्थापना भएको हुने ।

समाप्त

वन तथा वातावरण मन्त्रालय

बजेट उपशीर्षकगत बजेट(सारांश)

आर्थिक वर्ष २०७९/८०

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

## देश

(रु.हजारमा)

| बजेट उपशीर्षक | प्रस्तावित बजेट |
|---|---|
| न तथा वातावरण मन्त्रालय | २,२७,०२,०० |
| ३२९००१०१ नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ७,०१,०० |
| ३२९००१०५ सम्वृद्धिका लागि वन | ३९,७७,०० |
| ३२९०१०११ वन तथा भू-संरक्षण विभाग | २५,६९,०० |
| ३२९०१०१२ डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ३२,३१,०० |
| ३२९०११०१ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ४८,१७,०० |
| ३२९०११०२ जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम | २५,००,०० |
| ३२९०११०७ जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | १६,८०,०० |
| ३२९०२१०१ जडिबुटी विकास कार्यक्रम | १७,६०,०० |
| ३२९०५०११ वातावरण विभाग | १४,६७,०० |